सूचना                सूचना                सूचना

वीरगंजमा दर्ता भई नियमित रुपमा प्रसारण तथा प्रकाशनमा रहेका एफ.एम./रेडियो, टेलिभिजन, दैनिक पत्रपत्रिका तथा अनलाईन (डिजिटल पत्रिकालाई बिगतदेखि वीरगंज महानगरपालिकाले लोककल्याणकारी विज्ञापन वितरण गर्दै आईरहेकोमा आम संचार प्रबर्द्धन तथा नियमन समितिको मिति २०८०।०३।१३ गतेको निर्णय बमोजिम आ.ब. २०८०/०८१ का लागि तोकिएको विवरण सहित रेडियो, टेलिभिजन,दैनिक पत्रपत्रिका र अनलाईन ( डिजिटल पत्रिका) हरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन (मिति २०८० असार २८ गते) भित्रमा महानगरपालिकाको प्रकाशन, प्रसारण तथा सूचना शाखामा सूचिकृत हुन यो सूचना जारी गरिएको छ । लोककल्याणकारी विज्ञापनमा सहभागी हुन चाहने ईच्छुक एफ.एम./ रेडियो, टेलिभिजन, दैनिक पत्रपत्रिका र अनलाईन( डिजिटलपत्रिका)ले महानगरपालिकाको वेवसाईट www.birgunjmun.gov.np वा महानगरपालिकाको प्रकाशन, प्रसारण तथा सूचना शाखाबाट फारम उपलब्ध गराईनेछ ।

**लोक कल्याण्कारी विज्ञापन प्राप्त गर्नको लागि देहायका शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।**

(क) नेपालको संविधान र प्रचलित कानुनको पालना गरेको,
(ख) प्रत्येक वर्ष नवीकरण भएको, (संस्था, सहकारी वा कम्पनीमा दर्ता भएकाको हकमा)
(ग) आयकर PAN/VAT को प्रतिलिपी पेश गरेको,
(घ) कर चुक्ता प्रमाणपत्र पेश गरेको (आ.ब.२०७८/०७९ *सम्म*को)
(ङ) आ.ब.२०७८/०७९को लेखा परीक्षण प्रतिवेदन समावेश गरेको
(च) ३६५ दिनमा कम्तिमा पनि ३०० दिन प्रसारण वा प्रकाशन भएको,
(छ) पत्रपत्रिकाको हकमा प्रेस काउन्सिल नेपालबाट वर्गिकरणमा परेको हुनुपर्नेछ ।
(ज) सम्बन्धित छापाखानाबाट नियमित प्रकाशन भएको भनी पठाएको सिफारिस पत्र ।
(झ)बी.म.न.पा को राजश्व शाखाबाट सूचिकृतका लागि हालसालै तिरेको रु.३३० दस्तुरको सक्कल रसिद, आदि ।

**(पुनश्चः विगतमा सूचिकृत भएका आम संचारका माध्यमहरुको हकमा माथि उल्लेखित शर्तहरु मध्ये ख,घ,ङ.र झ मात्र बुझाउनु पर्नेछ )**

अधिकृत छैठौं
प्रकाशन प्रसारण तथा सूचना शाखा
वीरगंज म.न.पा.को कार्यालय

CamScanner